# हिमालयन हाईड्रोपावर लिमिटेड

भावना मार्ग,वडा नं.१०, बुद्धनगर, काठमाण्डौं, नेपाल । फोन नं. : ०१-४७९६६४१
इमेलः himalayanhydro2021@gmail.com वेबसाइटः www.hhpl.com.np

## १६ औं बाषिक साधरण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०४ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको मिति २०८०/०९/१, २ मा बसेको हिमालयन हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, समय, स्थानमा निम्न विषय सूचीहरु उपर छलफल गर्न कम्पनिको १६ औं वार्षिक साधारण सभा बस्ने भएकोले यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उक्त मिति, समय र स्थानमा उपस्थित हुन शेयरधनी महानुभावहरुको जानकारीको लागी कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनिको नियमावली २०७३ को नियम १८(३) बमोजिम यो सूचना जारी गरिएकोछ ।

**सभा हुने मिति, समय र स्थान :**

**सभा हुने मिति** : २०८० साल पौष २५ गते (१० जनवरी, २०२४) बुधवार ।
**सभा शुरु हुने समय** : दिनको ११:०० बजे ।
**सभा हुने स्थान** : वाटरफ्रन्ट रिसोर्ट लेक साईट पोखरा।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१ सञ्चालक समितिको १६ औं वार्षिक प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।
२ आ.व. २०७९/०८० को वासलात सहितको लेखापरीक्षण प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।
३ आ.व २०८०/०८१ को लागि लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४ बैंक कर्जा स्थानान्तरण गर्ने सम्बन्धमा ।
५ कम्पनीको संस्थापक तथा सर्व साधारण शेयरधनीहरुकोतर्फबाट सञ्चालक समितिमा प्रतिनधित्व गर्ने सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. बिशेष प्रस्तावः**

१. १:१ हकप्रद शेयर निष्काशन सम्बन्धमा ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवस कुनै शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।
२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।
३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा दर्ता गरि सक्नुपर्नेछ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।
५. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।
६. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको बुद्धनगर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
७. कम्पनीको कम्तिमा एक जना महिला सहित संस्थापक ४ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीमा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार हुनेछ ।
८. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारिक ईमेलः himalayanhydro2021@gmail.com मा पठाउन सक्नु हुनेछ ।
९. १६ औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०९/१३ गतेदेखि २०८०/९/२५ गते सम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०८०/०९/१३ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भएका शेयरधनीहरूले मात्र साधारण सभामा सहभागिता जनाउन तथा मतदान गर्न सक्ने छन् ।
१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ । नाबालक शेयरधनीहरुको तर्फबाट नावालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा सरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।

**नोट** : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा.वडा नं. १० बुद्धनगर, काठमाण्डौ वा फोन नं. ०१-४७९६६४१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

## नामार्जुन हाईड्रोपावर लिमिटेडको वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनिको वार्षिक साधारण मितिः २०८० साल पौष २५ गते (१० जनवरी, २०२४) बुधबार, समयः प्रात ९:०० बजे, स्थानः वाटरफ्रन्ट रिसोर्ट लेकसाईट पोखरामा बस्ने भएकोले सरोकारवाला सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।